**लिखु गाउँपालिका यसम, ओखलढुङ्गा**

**कोशी प्रदेश**

# स्थानीय राजपत्र

**लिखु गाउँपालिकाद्वारा प्रकाशित**

| खण्डः- ८ | संख्याः- २ | मितिः- २०८१ / ०६/०१ |
|---|---|---|

नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १०२ उपदफा ३ को उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१ लिखु गाउँपालिकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१

उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्बन्धी कार्य सञ्चालनको लागि गाउँपालिकाले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले लिखु गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **मूल कार्यविधिको दफा ४ मा संशोधनः** मूल कार्यविधिको दफा ४ को उपदफा १ को

(१) (ग) मा रहेको "कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका अध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्यको अध्यक्षतामा" शब्दहरु राखिएका छन् ।

(२) (घ) मा रहेका "वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा" भन्ने शब्दहरुको सट्टा "निजले तोकेको वडा सदस्यको अध्यक्षतामा" शब्दहरु राखिएका छन्।

(३) (छ) मा रहेका "एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन।" भन्ने शब्दहरुको सट्टा "सगोल परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन।" शब्दहरु राखिएका छन् ।

३. **मूल कार्यविधिको दफा ५ मा संशोधनः** मूल कार्यविधिको दफा ५ को उपदफा (२) मा रहेको "जनप्रतिनिधि" भन्ने शब्दहरु पछि "महिला स्वास्थ्य स्वयंसेविका" शब्दहरु राखिएका छन् ।

४. **मूल कार्यविधिको दफा ६ मा संशोधनः** मूल कार्यविधिको दफा ६ को "छ" पछि "(ज) आयोजनामा अन्य कुनै निकायबाट बजेट परेको भए सो बारे कार्यालयमा जानकारी गराउने।" थप गरिएको छ।

५. **मूल कार्यविधिको दफा ७ मा संशोधनः** मूल कार्यविधिको दफा ७ को उपदफा (२) मा रहेको "जनप्रतिनिधि" भन्ने शब्दहरु पछि "महिला स्वास्थ्य स्वयंसेविका" शब्दहरु राखिएका छन् ।

६. **मूल कार्यविधिको दफा ११ मा संशोधनः** मूल कार्यविधिको दफा ११ को

(१) उपदफा २ मा रहेको "किस्तागत र अन्तिम भुक्तानी" भन्ने शब्दहरुको सट्टा "एकमुष्ट वा किस्तागत र अन्तिम" शब्दहरु राखिएका छन् ।

(२) उपदफा ७ मा रहेको "रु ५ लाख" भन्ने शब्दहरुको सट्टा "रु. ३ लाख वा सो भन्दा" शब्दहरु राखिएका छन् ।

(३) उपदफा १२ मा रहेको "उपभोक्ता समितिलाई रकम निकासा दुई किस्तामा गरीन्छ । प्रथम किस्ता पेश्की बापत ४०% र अन्तिम किस्ता ६०% भुक्तानी दिईनेछ" भन्ने शब्दहरुको सट्टा "रु ३ लाख वा सो भन्दा कम लागत भएका आयोजनाको हकमा पेश्की रकम उपलब्ध गराइने छैन।" शब्दहरु राखिएका छन् ।

(४) उपदफा १२ पछि देहायबमोजिम थप गरिएको छ।

(१) "उपदफा १३. रु. ३ लाख भन्दा बढी लागत भएका आयोजनाको हकमा उपभोक्ता समितिलाई प्रथम किस्ता बापत ३० प्रतिशत रकम पेश्की उपलब्ध गराइनेछ र बाँकी रकम प्राविधिक मूल्याङ्कन अनुसार किस्तागत वा अन्तिम भुक्तानी दिईनेछ।"

(२) "उपदफा १४. सम्बन्धित आयोजनाको सम्झौता बमोजिमको कार्यमा अन्य कुनै कार्यालय वा निकायबाट समेत बजेट प्राप्त भएको पुष्टि भएमा वा काममा डुप्लीकेशन भएमा कार्यालयले भुक्तानी गर्न बाध्य हुनेछैन ।"

(३) "उपदफा १५. वडास्तरीय योजनाको हकमा वडा स्तरीय अनुगमन समितिले अनुगमन प्रतिवेदन पेश गरेपश्चात भुक्तानी दिइनेछ ।"

(४) "उपदफा १६. पालिकास्तरीय योजनाको हकमा पालिका स्तरीय अनुगमन समितिले कार्यपालिकामा अनुगमन प्रतिवेदन पेश गरी कार्यपालिका बैठकबाट स्वीकृत भएपछि भुक्तानी दिईनेछ ।"

७. **मूल कार्यविधिको दफा १२ मा संशोधनः** मूल कार्यविधिको दफा १२ को उपदफा १ को (ङ) मा रहेको "सम्वन्धित प्राविधिक कर्मचारीलाई" भन्ने शब्दहरु पछि "र सम्बन्धित उपभोक्ता समितिलाई" शब्दहरु थप गरिएका छन्।

८. **मूल कार्यविधिको दफा १३ मा संशोधनः** मूल कार्यविधिको दफा १३ को

(१) (१) मा रहेको "दफा ४ (१) (क) बमोजिमको भेलाबाट कम्तिमा एक जना महिला सहित ३ सदस्यीय एक" भन्ने शब्दहरुको सट्टा "देहाय बमोजिमका" शब्दहरु राखिएका छन् ।

(२) दफा (१) पछि देहायबमोजिम थप गरिएको

(क) पालिकास्तरीय आयोजना अनुगमन समिति देहाय बमोजिम हुनेछ

क) गाउँपालिका उपाध्यक्ष - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) सम्बन्धित वडाको वडाअध्यक्ष - सदस्य

घ) पुर्वाधार शाखा प्रमुख - सदस्य

ङ) योजना शाखा प्रमुख - सदस्य सचिव

(ख) वडास्तरीय आयोजना अनुगमन समिति गठन देहाय बमोजिम हुनेछ

क) वडा अध्यक्ष - संयोजक

ख) वडा समितिको महिला सदस्य मध्येबाट वडा अध्यक्षबाट मनोनित १ जना - सदस्य

ग) सम्बन्धित वडा सचिव - सदस्य

(३) उपनियम २ (ग) मा रहेको "आवश्यक अन्य कार्य गर्ने।" भन्ने शब्दहरुको सट्टा "वडास्तरीय आयोजनाको हकमा भुक्तानीको लागी सिफारिस गर्ने र पालिकास्तरीय आयोजनाको हकमा कार्यपालिकामा अनुगमन प्रतिवेदन पेश गर्ने," शब्दहरु राखिएका छन् ।

(४) उपनियम २ को दफा "(ग)" पछि "(घ) आवश्यक अन्य कार्य गर्ने।" थप गरिएको ।

९. **मूल कार्यविधिको दफा १७ मा थपः** मूल कार्यविधिको दफा १७ मा "आयोजनाको सञ्चालन गर्दा उपभोक्ता समितिले योजनामा खर्च भएको रकम बराबरको काम नभएको पुष्टि भएमा वा लेखापरीक्षणबाट वेरुजु उल्लेख भएमा सो रकम उपभोक्ता समितिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।" थप गरिएको छ।

आज्ञाले,

अर्जुनकुमार राउत

प्रमुख प्रशासकीय अधिकृत

मितिः- २०८१/०६/०१